# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/२५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

श्री शिशु जागरण माध्यमिक विद्यालय, खोरबारे, कोटमैला-७, सल्यानमा कार्यरत लेखापाल पबिकुमारी डागीले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी जागिर खाएकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यामिक शिक्षा परिषद, Board of High School and Intermediate Education U.P. भारतबाट इन्टरमिडिएट तह उत्तीर्ण गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सह-लेखापाल पदमा नियुक्ति लिइ लेखापल पदमा बढुवा समेत भइ लाभ लिएको देखिन आएको हुँदा निजको उक्त भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता